"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहर, सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सं.:०८०/०८१

च.नं.:

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

## तिनपांग्रे सवारीका साधन सुचीकृत गरी सञ्चालन तथा रुट अनुमति लिने सम्बन्धी सूचना
**(सूचना प्रकाशन मिति २०८०/०७/१७)**

तिलोत्तमा नगरपालिकाको तिनपांग्रे सवारीका साधन सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि २०७९ बमोजिम यस नगरपालिका क्षेत्रभित्र हाल सञ्चालनमा रहेका तिनपाङ्गे सवारीका साधनहरु (ईरिक्शा/टेम्पु) यस नगरपालिकामा सुचीकृत गरि सञ्चालन तथा रुट अनुमति दिनुपर्ने भएको हुँदा देहायका योग्यता पुगेका ईच्छुक व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले २१ दिन (२०८०/०८/०७) को कार्यालय समय भित्र (अन्तिम दिन बिदा परेमा भोलिपल्ट) तोकिएको ढाँचामा आवेदन पेश गर्न आव्हान गरिन्छ । आवेदनको नमूना कार्यालयबाट उपलब्ध गराईनेछ ।

**मापदण्ड :**

१ नेपाली नागरिक भई तिलोत्तमा नगरपालिकाको स्थाई बासिन्दालाई प्राथमिकता हुनेछ ।

२ सवारी साधन (ईरिक्शा/टेम्पु) धनी स्यमं चालक भई स्वरोजगार भएको हुनुपर्नेछ ।

३ सवारी साधनको वीमा, चालक वा निजको एकाघरको सदस्यको नाममा विलबुक, र चालकको आफ्नै लाईसेन्स भएको हुनुपर्नेछ ।

४ सञ्चालन अनुमति दिंदा तिलोत्तमा नगरपालिकाको स्थाई बासिन्दा रहेका सर्वप्रथम एकल महिला स्वरोजगार तत् पश्चात महिला र दलित स्वरोजगार तत्पश्चात एकघर एक रोजगार आधारमा प्राथमिकता दिईनेछ ।

५ सुचीकृत गर्न चाहेको सवारी २०१८ देखि यताको मोडलको हुनुपर्नेछ साथै उक्त साधन यातायात व्यवस्था कार्यालय, बुटवलमा दर्ता वा ठाउँसारी भई विलबुक तथा वीमा नवीकरण गरेको हुनुपर्नेछ ।
(नोट : यातायात व्यवस्था कार्यालय, बुटवलमा ठाउँसारी नभएको भए दर्ता मितिले ६ महिना भित्र ठाउँसारी गर्नुपर्नेछ ।)

६ उपरोक्त मापदण्ड पुरा गरेका र हाल तिलोत्तमा नगर क्षेत्रभित्र सञ्चालनमा रहेका र आवद्ध रहेको कम्पनीबाट सिफारिस भई आएका साधनलाई मात्र यस प्रकृयामा समावेस गराईनेछ ।

७ अन्यत्र दर्ता हुन नसकेका, विलबुक नभएका वा वीमा नगरेका वा विलबुक वीमा नवीकरण नगरेका, स्वरोजगार नभएका, कुनै कम्पनीमा आवद्धता नभएका, चालकको लाईसेन्स नभएका, एकै व्यक्तिको एकभन्दा बढी साधन र बुँदा नं.५ बमोजिमको मापदण्ड पुगेको भएता पनि यान्त्रिक खरावी भएका, च्यासिस नंम्बर स्पष्ट नभएका, थोत्रा तथा विभिन्न प्रचार सामग्री राखिएका साधनलाई सुचीकृत प्रकृयामा समावेस गराईनेछैन ।

**आवश्यककागज प्रमाणहरु**

१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२ अन्य जिल्ला वा पालिकाको ठेगाना भएको नागरिकता भए तिलोत्तमामा प्रमाणपत्रको प्रतिलिपी वा बसोबास गरेको वडाको सिफारिस पत्र

३ चालक वा एकाघरको सदस्यको नाममा रहेको विलबुकको प्रतिलिपी (विल बुकम्याद ननाघेको हुनुपर्नेछ)

४ सवारी चालकको लाईसेन्सको प्रतिलिपी (म्याद ननाघेको हुनुपर्नेछ)

५ आवद्ध रहेको कम्पनीको सिफारिस पत्र

६ सवारी धनीको पासपोर्ट साईजको फोटो २ प्रति

८०/७/१८

माधव प्रसाद पोखेल
शाखा अधिकृत

मणिग्राम, रुपन्देही, लुम्बिनीप्रदेश, नेपाल

*Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np*

*Maniaram. Rupandehi*

Scanned with CamScanner